# महालेखापरीक्षकको कार्यालय
# Office of the Auditor General

Phone : 4258174
4266034
4255707
AG Fax : 977-1-4268309
Fax : 977-1-4262798
Post Box : 13328
बबरमहल, काठमाडौं नेपाल
Babar Mahal, Kathmandu, Nepal


## प्रेस विज्ञप्ती

(आमसञ्चारका माध्यममा तत्काल उपयोगको लागि)

२०७४ असार २५ गते आइतबार

माननीय महालेखापरीक्षकज्यूबाट नेपाल सरकारका अर्थ सचिव, राजस्व सचिव, संघिय मामिला तथा स्थानिय विकास मन्त्रालयका सचिव र महालेखा नियन्त्रक कार्यालयका सह-महालेखा नियन्त्रकहरुसँग बेरुजू फछ्र्यौटका विषयहरुमा छलफल कार्यक्रम सम्पन्न भयो ।

उक्त छलफल कार्यक्रममा बेरुजू फछ्र्यौट समयमा गर्ने, संस्थानहरुको लेखापरीक्षण समयमा सम्पन्न गर्न मन्त्रालयको तहवाट आवश्यक कार्य गर्ने, राजश्व बक्यौता असुलीलाई प्राथमिकता दिने र सोधभर्ना हुनुपर्ने रकम समयमा नै सोधभर्ना लिने, सरकारी निकायको वित्तिय विवरण समयमा तयार गरी आन्तरिक लेखापरीक्षण सम्पन्न गर्ने सम्वन्धमा छलफल भयो । यसै गरी स्थानिय तहको लेखापालन र लेखा ढाँचा सम्वन्धमा रहेको अस्पष्टता अन्त्य गर्दै लेखापरीक्षणका विषयमा सहयोग गर्न र वित्तिय प्रशासनलाई चुस्त, पारदर्शी बनाउन आवश्यक समन्वयात्मक ढंगले अगाडि बढ्नुपर्ने कुरा उल्लेख भयो ।

रामुप्रसाद डोटेल
नायब महालेखापरीक्षक/प्रवक्ता